हामी सवैको रहरः शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर'

विराटनगर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ

कोशी प्रदेश, नेपाल

प.स. २०८१/८२
च.स. ९६५

मिति २०८२/ ०१/ ०५

**विषय : शैक्षिक सत्र २०८२ व्यवस्थापन सम्बन्धमा ।**

श्री सवै विद्यालयहरु,

श्री सवै सामुदायिक सिकाइ केन्द्रहरु

विराटनगर महानगरपालिका, मोरङ ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८२ को सञ्चालन, व्यवस्थापन तथा विद्यार्थी भर्ना सम्बन्धमा देहाय वमोजिम हुने गरी व्यवस्थापन गर्न हुन नगर शिक्षा समितिको निर्णय अनुसार अनुरोध छ।

तपसिल

१. शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्नाको आदर्श वाक्य सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' रहेको छ ।

२. विद्यालयहरूले मिति २०८२/०१/३० गतेसम्म भर्ना अभियान सञ्चालन गर्ने, साथै छुट विद्यार्थीका लागि जेठ महिनाभर भर्ना जारी राखे,

३. सार्वजनिक विद्यालयहरूले भर्ना भएका सबै विद्यार्थीहरूलाई निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने,

४. विद्यार्थी भर्नाका लागि विद्यालयहरूले आफ्नो सेवा क्षेत्र भित्र व्यापक प्रचार प्रसार तथा सूचना प्रवाह गर्ने,

५. विद्यालयले एक जनालाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क तथा समन्वयको जिम्मेवारी प्रदान गर्ने,

६. अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गर्ने व्यवस्था मिलाउने, त्यस्ता बालबालिकाको पढाइ निरन्तरताका लागि सहयोग गर्नेहरूको अभिलेखीकरण गरी उचित सम्मान प्रकट गर्ने,

७. विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा पाठ्यसामग्रीको प्रयोग गर्ने,

८. विद्यालय स्थानान्तरण भइ आएका विद्यार्थीका हकमा भर्ना गर्दा स्थानान्तरण पत्र/शैक्षिक प्रमाणपत्र अनिवार्य गर्ने

९. निजि लगानीमा सञ्चालित विद्यालयहरूले पाठ्यपुस्तक, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि खरिदका लागि कुनै एउटा पसल वा खास खास पसल तोक्ने गुनासो आउने गरेको हुँदा विद्यार्थी/अभिभावकहरूले चाहेको पसलबाट खरिद गर्न सक्ने गरीको व्यवस्था मिलाउने,

१०. संस्थागत विद्यालयरूले प्रचलित कानुन बमोजिम महानगरपालिकाबाट तोके भन्दा बढी शुल्क नलिने,

११. सामुदायिक सिकाइ केन्द्रहरूले आफ्नो सेवा क्षेत्र भित्र विद्यालय बाहिर रहेका बालबालिकाहरूको लगत सङ्कलन, भर्ना प्रक्रियाबारे प्रचार प्रसार, सञ्चार तथा समन्वय गर्ने,

२०८२/०१/०५

Scanned with AltaScanner

हामी सवैको रहर: शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर

विराटनगर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ

कोशी प्रदेश, नेपाल

प.स.

च.स.

१२. निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले विराटनगर महानगरपालिकाबाट स्वीकृत संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०८१ बमोजिम तोकिएको समयमा छात्रवृत्ति वितरणको कार्य सम्पन्न गर्ने,

१३. निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले आफ्नो विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सरकारले सञ्चालनमा ल्याएको सामाजिक सुरक्षा कार्यक्रमको दायरामा ल्याइ सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने/गराउने,

१४. आधारभूत तह कक्षा १-३ को एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा विद्यार्थीहरुको व्यक्तिगत पोर्टफोलियो फायल तयार पारी आन्तरिक मूल्याङ्कन अनिवार्य रुपमा अद्यावधिक गर्दै सो को आधारमा सहयोगात्मक शिक्षण गर्ने व्यवस्था मिलाउने ,

१५. विद्यार्थी भर्ना सम्बन्धमा केही समस्या, गुनासो आएमा महानगरपालिका शैक्षिक प्रशासन महाशाखासँग समन्वय गर्ने ।

२०८१/१०/१०५

..........................

रामप्रसाद ढुङ्गेल

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री १९ वटा वडा कार्यालयहरु, (आवश्यक समन्वय र सहजिकरणका लागि)

Scanned with AltaScanner